**पृथ्वीचोक शाखा**

**नेपाल बैंक लिमिटेड पृथ्वीचोक शाखा अन्तर्गत वन विज्ञान अध्ययन संस्थान पोखरामा एक्स्टेन्सन काउन्टर खोल्न ATM ROOM निर्माण लगायतका सिभिल र ईलेक्ट्रिकल तथा नेटवर्किङ कार्यको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकशित मिति २०७६/०१/०५ गते)**

**नेपाल बैंक लिमिटेड पृथ्वीचोक शाखा अन्तर्गत वन विज्ञान अध्ययन संस्थान पोखरामा एक्स्टेन्सन काउन्टर खोल्न ATM ROOM निर्माण लगायतका सिभिल र ईलेक्ट्रिकल तथा नेटवर्किङ** कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल वमोजिम हुने गरी पेश गर्न सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको पृथ्वीचोक शाखाबाट रु.३,०००/-(पछि फिर्ता नहुने गरि) जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड पृथ्वीचोक शाखामा सम्पर्क राख्नु हुन सुचित गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, न्युनतम रु.४५,०००/-अक्षरेपी पैतालिस हजार)धरौटी वापत यस बैंकको पृथ्वीचोक शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य 'क'वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तीम मितिले ४५ दिनको हुनेछ ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्मदर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थायी लेखादर्ता नं (प्यान) प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र,भवन निर्माण वा काउन्टर निर्माण वा पार्टिशन निर्माण सम्बन्धि कार्य गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ४५ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

दरभाउपत्र प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, पृथ्वीचोक शाखा ।

दरभाउपत्र खरिद गर्ने अन्तिम मिति :-२०७६/०१/१९ गते बिहिबार कार्यालय समय भित्र ।

दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :-२०७६/०१/१९ गते बिहिबार कार्यालय समय भित्र ।

दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, पृथ्वीचोक शाखा ।

दरभाउपत्र खोल्ने मिति :-२०७६/०१/२० गते शुक्रवार बिहान ११ :३० बजे ने.बै.लि.पृथ्वीचोक शाखामा । सो मितिमा विदा पर्न गएमा सो को भोली पल्ट ।

बैंकको अनुमानित लागत :-

सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरि भ्याट समेत कूल जम्मा **रु.१७,६३,५३७/-(अक्षरुपी सत्र लाख त्रिसठ्ठी हजार पांच सय सैतिस मात्र)**